
सबै अट्ने देश
सबैलाई जोड्ने कांग्रेस

## सुशासन र समुन्नतिको लागि



# नेपाली कांग्रेसको
# प्रतिज्ञा

**प्रतिनिधिसभा निर्वाचन २०८२**

# स्वास्थ्य

## सबैलाई स्वास्थ्य बिमा : सबल स्वास्थ्य प्रणाली

*हामी यो पाँच वर्षमा स्वास्थ्य सेवा राज्यले गर्ने परोपकार होइन, नागरिकको मौलिक अधिकार र राज्यको दायित्व हो भन्ने मान्यताका साथ स्वास्थ्य बिमामा आधारित सबल स्वास्थ्य प्रणाली विकास गर्छौं, जहाँ कोही नेपाली नागरिक पैसा नभएर उपचारबाट बञ्चित हुनुपर्ने छैन । प्रत्येक नेपालीले सुरक्षित, सम्मानजनक र गुणस्तरीय स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने छन् ।*

२०४८ सालमा राष्ट्रिय स्वास्थ्य नीति ल्याएर प्राथमिक स्वास्थ्य सेवामा आधारित प्रणालीमार्फत गाउँगाउँमा 'हेल्थ पोस्ट' को सञ्जाल विस्तार, महिला स्वास्थ्य स्वयंसेविकाको परिचालन कांग्रेसकै नेतृत्वमा भएको हो । स्वास्थ्य बिमा तथा मुटु, मिर्गौला र क्यान्सर जस्ता जटिल रोगको उपचारमा सहुलियत दिने जग कांग्रेसले नै बसालेको हो । गाउँ गाउँमा डाक्टर र जनस्वास्थकर्मी, विद्यालयमा नर्स, अस्पतालमा अनिवार्य फार्मेसी, सहरमा प्रवर्धन केन्द्रदेखि आरोग्य केन्द्रसम्म कांग्रेसकै अवधारणा र पहलकदमी हुन् । यस बिचमा जनस्वास्थ्यना उपलब्धि थुप्रै छन तर अपुग छन, सेवाको पहुँच बढ्दैछ तर गुणस्तरमा काम गर्नु पर्नेछ ।

हाल नसर्ने रोग (NCDs) को चापका कारण हुने मृत्यु ७० प्रतिशतभन्दा बढी छ । स्वास्थ्य उपचारको ५७ प्रतिशत खर्च अझै पनि नागरिकले आफ्नै गोजीबाट बेहोर्नु परिरहेको छ । जसका कारण हरेक वर्ष ६ देखि ७ लाख नेपाली गरिबीको रेखामुनि धकेलिन्छन् । नयाँ चुनौतीको समाधान **अस्पताल विस्तारबाट मात्र होइन; समग्र स्वास्थ्य प्रणालीको सुधारबाट हुन्छ** । **रोग लागेपछि उपचार मात्र होइन, रोग लाग्नै नदिने** अवस्थाको सिर्जना नेपाली कांग्रेसको मुख्य ध्येय हो ।

निःशुल्क स्वास्थ्य हाम्रो प्रतिबद्धता

आर्थिक अभावका कारण कसैले पनि उपचारबाट वञ्चित हुन नपरोस् र हरेक नेपालीको गुणस्तरीय स्वास्थ्य सेवामा सहज पहुँच पुगोस् भन्ने हाम्रो उद्देश्य हो । 'युनिभर्सल हेल्थ कभरेज' र 'स्वास्थ्य समता' हाम्रो प्राथमिकता हो । **निःशुल्क स्वास्थ्य हाम्रो प्रतिबद्धता हो** ।

हाम्रो लक्ष्य स्पष्ट छ; हरेक नागरिक स्वास्थ्य बिमामा जोडिएर आफ्नो र परिवारको उपचार खर्चबारे निश्चिन्त रहून् । हरेक नागरिकले "उपचारमा जतिसुकै खर्च लागोस्, राज्य छ" भन्ने गर्व गरून र ढुक्कसँग भन्न सकून, **"गोजीमा बिमा कार्ड छ, मलाई केको डर छ !"**

Health is not Charity, Health is Security, Quality Health State's Responsibility भन्ने मान्यताका साथ नेपाली कांग्रेस स्वास्थ्यमा निम्न १५ प्रतिज्ञा गर्दछ;

आर्थिक अभावका कारण कसैले पनि उपचारबाट वञ्चित हुनु पर्दैन

## १. निःशुल्क स्वास्थ्य सेवा : नागरिकको हक; बजेटमा १०

गुणस्तरीय स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने नागरिकको संविधान प्रदत्त हक कार्यान्वयन गर्नु राज्य जिम्मेवारी हो । यसका लागि :

- स्वास्थ्य उपचारमा नागरिकले खल्तिबाट पैसा तिर्नुपर्ने अबस्थाको अन्त्य गर्छौं- निःशूल्क गुणस्तरीय स्वास्थ्य सेवा सुनिश्चित गर्छौं ।
- सबै तहको सरकारहरूको कुल बजेटमा स्वास्थ्य क्षेत्रको हिस्सा कम्तीमा १० प्रतिशत पुर्‍याउछौं ।

## २. स्वास्थ्य बिमा : सबैलाई बिमा, सबै उपचार बिमाबाट

स्वास्थ्य बिमालाई राष्ट्रिय गौरवको कार्यक्रम बनाइ अबको पाँच बर्षभित्र सवै नेपाली बिमामा, सवै उपचार बिमामार्फत गरिने छ । यसका लागि :

स्वास्थ्य बिमालाई राष्ट्रिय गौरवको कार्यक्रम बनाइ अबको पाँच बर्षभित्र सबै नेपाली बिमामा, सबै उपचार बिमामार्फत

- **बिमा स्वेच्छिक होइन अनिवार्यः नागरिकको अधिकार, सरकारको कर्तव्य :** स्वास्थ्य बिमा ऐन २०७४ बमोजिम सबै नेपाली नागरिकलाई अनिवार्य बिमामा आबद्ध गर्छौं ।
- **कमाउनेले प्रिमियम तिर्ने नहुनेको राज्यले व्यहोर्नेः** औपचारिक क्षेत्रका कर्मचारी लगायतको आयका आधारमा बिमा प्रिमियमको व्यवस्था गरी प्रिमियम तिर्न नसक्ने अति विपन्न र श्रमिक वर्गको योगदान रकम सरकारले तिर्ने व्यवस्था कार्यान्वयन गर्छौं ।
- **सवै उपचार बिमाबाटः** आधारभूत स्वास्थ्य निःशुल्क तथा स्वास्थ्य बिमामा आबद्ध भए पश्चात सबै प्रकारका उपचार सेवा सुचिकृत जुनसुकै अस्पतालबाट लिन सक्ने व्यवस्था गर्छौं ।
- **एकद्वार नीति; दायरा र रकम वृद्धिः**

- छरिएर रहेका सबै स्वास्थ्य सामाजिक सुरक्षा योजना र सहुलियतहरूलाई स्वास्थ्य बिमामा एकीकृत गर्छौं ।
- विभिन्न निकाय र कोषबाट उपचारका लागि खर्च हुने रकमलाई स्वास्थ्य बिमा कोषमा ल्याई 'एकद्वार प्रणाली' लागु गर्छौं ।
- चकलेट, गुलियो पेय पदार्थमा कर लगाएर र मदिरा तथा सुर्तीजन्य वस्तुमा लिइने 'स्वास्थ्य कर' बढाएर सो रकम अनिवार्य रूपमा बिमा कोषमा जम्मा हुने व्यवस्था गरी स्वास्थ्य बिमाको ढुकुटी बढाउछौं ।

### सहज प्रक्रिया र सबल बोर्ड

- बिमा प्रक्रियालाई सरल र व्यवस्थापन तथा नियमनलाई प्रभावकारी बनाउछौं ।
- स्वास्थ्य बिमा बोर्डको संस्थागत क्षमता र कार्यप्रणालीमा वैज्ञानिक रूपान्तरण गर्दै यसलाई देशको सम्पूर्ण 'सामाजिक स्वास्थ्य सुरक्षा संयन्त्र' का रूपमा विकास गर्छौं ।

एक नागरिक
एक डिजिटल
स्वास्थ्य प्रोफाइल

### डिजिटल स्वास्थ्य

- स्वचालित दाबी प्रणाली (**Claim System**) र जालसाजी नियन्त्रण (**Fraud Control**) मार्फत भुक्तानीलाई छिटो-छरितो र पारदर्शी बनाउछौं ।
- 'एक नागरिक, एक डिजिटल स्वास्थ्य प्रोफाइल' लागु गर्दै सेवाको गुणस्तर र शुल्कमा देशैभर एकरूपता कायम गर्छौं ।

## स्थानीय तहबाट आधारभूत सेवा

- सबै स्थानीय तहमा 'प्रथम सेवा विन्दु' (**First Point of Care**) सञ्चालन गरी नागरिकले स्वास्थ्य बिमामार्फत न्यूनतम उपचार आफ्नै घरदैलोमा पाउने सुनिश्चित गर्छौं ।
- आवश्यकता अनुसार थप विशिष्टीकृत सेवाका लागि सरकारी वा निजी दुवै अस्पतालबाट उपचार लिन सक्ने सहज 'रेफरल' प्रणालीको सिर्जना गर्छौं ।
- बिमा आबद्धता र नवीकरण तथा व्यवस्थापनको लागि स्थानीय सरकारसँग सहकार्य गर्छौं ।

## ३. कडा रोगमा पूर्ण राहत

- क्यान्सर, मिर्गौला तथा कलेजो प्रत्यारोपण र मुटु रोगजस्ता महँगो उपचार खर्च लाग्ने रोगको उपचार तथा सिकलसेल थालसिमिया, एपलाष्टिक एनिमिया लगायतका रोगलाई स्वास्थ्य बिमामार्फत 'असीमित र पूर्ण राहत' को दायरामा ल्याउछौं ।

## ४. ३/७३ : नि:शूल्क उपचार

- ३ बर्ष मुनिका बालबालिका र ७३ वर्ष माथिका जेष्ठ नागरिकलाई जुनसुकै अस्पतालमा नि:शुल्क उपचारको व्यवस्था गर्छौं ।

३ बर्ष मुनिका बालबालिका र ७३ वर्ष माथिका जेष्ठ नागरिकलाई जुनसुकै अस्पतालमा नि:शुल्क उपचारको व्यवस्था

## ५ एकीकृत स्वास्थ्य पूर्वाधार विकास परियोजना

सबल स्वास्थ्य पूर्वाधार गुणस्तरीय उपचारको आधार ! भन्ने मान्यताका साथ हामी जनशक्ति, उपकरण र पूर्वाधारको अभाव हटाउने छौं । त्यसका लागि :

- २०७४ सालमा स्वीकृत **'एकीकृत स्वास्थ्य पूर्वाधार विकास परियोजना'** लाई समयानुकूल परिमार्जन गरी लागु गर्छौं ।
- राज्यका सबै अस्पतालहरूलाई केवल शैयाका आधारमा नभई **'सेवाको आधारमा वर्गीकरण** गर्छौं ।
- संस्थागत सबलिकरण गरी दक्ष जनशक्ति, आधुनिक पूर्वाधार र उपकरणको योजनाबद्ध आपूर्ति सुनिश्चित गर्छौं ।

## ६. नाता न नेता : ढुकुटीमा लुट बन्द, स्वास्थ्यमा समान प्रबन्ध

पहुँच हुनेले विदेशमा उपचार पाउने र नहुनेले स्वदेशमै पनि ओखती नपाउने विभेदकारी अवस्थाको पूर्ण अन्त्य गर्छौं । यसका लागि :

- हाम्रै पहलमा कानुनी व्यवस्था भएको विदेशमा गरिने उपचारका लागि राज्यको ढुकुटीबाट अनुदान दिन नपाइने बाध्यकारी व्यवस्थालाई कडाइका साथ कार्यान्वयन गर्छौं ।
- कानुन उल्लङ्घन गरी राज्यकोषको दोहन गर्ने वा गराउनेलाई 'नीतिगत भ्रष्टाचार' को दायरामा ल्याउछौं ।

## ७. औषधि र प्रयोगशाला : समयमा औषधि, गुणस्तरीय परीक्षण

गुणस्तीय औषधी र प्रयोगशाला सेवा सस्तो र सहज रूपमा उपलब्ध गराउने छौं । यसका लागि :

- सरकारी अस्पतालहरूमा बिमामार्फत सबै प्रकारका औषधिहरूको निरन्तर उपलब्धता र गुणस्तर सुनिश्चित गर्न अस्पताल फार्मेसीलाई सुदृढीकरण गर्छौं ।
- सबै सहरी स्वास्थ्य प्रवर्धन केन्द्र तथा आधारभूत स्वास्थ्य सेवा केन्द्रहरूबाट दक्ष जनशक्ति सहित नियमित स्वास्थ्य परीक्षण, खोप, उपचार र प्रतिकारात्मक लगायतका आधारभुत सेवाको ग्यारेन्टी गर्छौं ।
- औषधि, खाद्य सम्पूरक (**Food Supplements**) सौन्दर्य सामग्री तथा स्वास्थ्य सामग्रीको गुणस्तर सुनिश्चित गर्न र प्रभावकारी नियमनका लागि एक शक्तिशाली **'प्रमाणीकरण तथा नियमन प्राधिकरण'** स्थापनाका लागि एक वर्षभित्र कानुन बनाउछौं ।
- गुणस्तरीय स्वदेशी औषधि उत्पादनलाई प्रोत्साहन गर्छौं । नेपाललाई औषधिमा आत्मनिर्भर बनाउन स्वदेशी लगानीलाई प्रोत्साहन र कर छुटको व्यवस्था गर्छौं ।
- नागरिकलाई सस्तोमा औषधि उपलब्ध गराउन सरकारले सीधै उत्पादक कम्पनी वा देशसँग खरिद गरी आफ्नै फार्मेसीमार्फत सुपथ मूल्यमा उपलब्ध गराउन र **'फ्रेमवर्क कन्ट्राक्ट'** मार्फत **'केन्द्रीय बोलपत्र र स्थानीय खरिद'** (**Central Bidding, Local Purchasing**) को अवधारणा कार्यान्वयन गर्न आवश्यक कानुनी र संरचनागत व्यवस्था गर्छौं ।

## ८. म स्वस्थ; मेरो परिवार स्वस्थ

प्रवर्धनात्मक र प्रतिकारात्मक सेवामा जोड दिदै वढ्दो नसर्ने रोगको प्रकोप न्युनिकरण गर्नेछौं । यसका लागि :

- नसर्ने रोगहरूको प्रकोप कम गर्न स्वस्थ हावापानी, वातावरण र सक्रिय जीवनशैलीलाई प्रोत्साहन गर्दै रोग लाग्नै नदिने अवस्थाको सिर्जना गर्न "**म स्वस्थ, मेरो परिवार स्वस्थ**" महाअभियान सञ्चालन गर्छौं ।
- नसर्ने रोगहरूको एउटा मुख्य कारणको रूपमा रहो चिनी र चिनीजन्य गुलिया खानेकुरा तथा औद्योगिक प्रशोधित तेलको प्रयोग गरेर बनाइएका खानेकुराको उपभोगका सम्बन्धमा स्वास्थ्य शिक्षा तथा सचेतनाको व्यापक अभियान चलाउँछौं ।

कानुन उल्लङ्घन गरी राज्य कोषको दोहन गर्ने वा गराउनेलाई नीतिगत भ्रष्टाचारको दायरामा

- किशोरीहरूका लागि HPV खोप र जोखिम समूहका नागरिकका लागि **वार्षिक स्वास्थ्य परीक्षण** सुनिश्चित गर्छौं ।
- नसर्ने रोगको चुनौती सामना गर्न स्थानीय तहको साझेदारीमा हरेक सहरमा **'स्वास्थ्य प्रवर्धन केन्द्र'** विस्तार गर्छौं ।
- मानसिक स्वास्थ्यको समस्याको समाधन गर्न स्थानीय तह, प्रदेश सरकार र सङ्घसंस्थासंगको समन्वय र सहकार्यमा स्वास्थ्य संस्था र समुदायमा मानसिक स्वास्थ्य परामर्श, औषधी र उपचारको सहज व्यवस्था गर्नेछौं ।

## ९. स्वास्थ्य जनशक्ति व्यवस्थापन

एकीकृत स्वास्थ्य पूर्वाधार परियोजनाको प्रक्षेपण अनुसार नेपालको स्वास्थ्य प्रणालीलाई आवश्यक जनशक्तिको व्यवस्थापन गरी गुणस्तरको सेवा सुनिश्चित गर्ने छौं । त्यसका लागि :

- स्वास्थ्य विज्ञान प्रतिष्ठानको छाता ऐन अविलम्ब पारित गरी पाँच वर्षभित्र सबै प्रदेशका सरकारी मेडिकल कलेजमा एमबिबिएस (**MBBS**) अध्यापन को व्यवस्था गर्छौं ।
- खाली रहेको जनशक्तिको एक वर्षभित्र पदपूर्ति गर्छौं ।
- एकीकृत स्वास्थ्य पूर्वाधार परियोजनाको प्रक्षेपण अनुसार प्राविधिक जनशक्तिको दरबन्दी वृद्धि गरी युवा स्वास्थ्य जनशक्तिलाई सरकारी सेवामा आकर्षित गर्छौं ।
- स्वास्थ्य जनशक्तिलाई उत्प्रेरित गर्न र टिकाइराख्न रुचि एवम् विज्ञता अनुसार समायोजन, व्यवस्थापन, क्षमता अभिवृद्धि र प्रोत्साहन प्याकेजको व्यवस्था गर्छौं ।
- 'स्वदेशमै सेवा, गौरवको अनुभव' अभियानमार्फत स्वास्थ्यकर्मीको पारिश्रमिक र सुविधा समयानुकूल वृद्धि गर्छौं ।
- कार्य क्षेत्रमा सम्मान र सुरक्षाको प्रत्याभुतिका लागि नीतिगत र कानुनी व्यवस्था गर्छौं ।
- स्वास्थ्य विज्ञान प्रतिष्ठान, विशेषज्ञ अस्पताल र मेडिकल कलेजको सहकार्यमा दुर्गमका आधारभूत अस्पतालमा विशेषज्ञ सेवाहरू पुऱ्याउछौं ।
- अस्पतालहरूलाई 'हब' र नजिकका स्वास्थ्य संस्थालाई 'सेटेलाइट' मानी मोबाइल एपमार्फत चौबिसै घण्टा परामर्श लिन सकिने 'हब एन्ड स्पोक' प्रणाली लागु गर्छौं ।

स्वास्थ्यकर्मीको पारिश्रमिक र सुविधा समयानुकूल वृद्धि

दुर्गममा कार्यरत स्वास्थ्यकर्मीलाई विशेष वृत्तिविकास

- दुर्गममा कार्यरत स्वास्थ्यकर्मीलाई विशेष वृत्तिविकास, उच्च शिक्षामा प्राथमिकता र आकर्षक दुर्गम भत्ताको व्यवस्था गर्छौं ।
- निजी क्षेत्रमा कार्यरत स्वास्थ्यकर्मीका लागि न्यूनतम पारिश्रमिकको ग्यारेन्टी गर्छौं ।
- 'स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षा सम्बन्धी ऐन' लाई कडाइका साथ लागु गर्दै 'कार्यस्थलमा हिंसा प्रति शून्य सहनशीलता' को नीति लिई आवश्यक कानुनी संशोधन गर्छौं ।
- स्वास्थ्यकर्मीहरूलाई आधुनिक प्रविधि, जटिल शल्यक्रिया र आपतकालीन व्यवस्थापनमा निरन्तर तालिम (CME) को व्यवस्था गरी उनीहरूको क्षमता अभिवृद्धि गर्ने संरचनागत प्रावधानको विकास गर्छौं ।
- जोखिमपूर्ण क्षेत्रमा कार्यरत स्वास्थ्यकर्मीका लागि विशेष भत्ता र बिमा सुनिश्चित गर्दै उच्च मनोबलका साथ काम गर्ने सुरक्षित वातावरण निर्माण गर्छौं ।

निजी क्षेत्रमा कार्यरत स्वास्थ्यकर्मीका लागि न्यूनतम पारिश्रमिकको ग्यारेन्टी

## १०. घर आगनमै स्वास्थ्य सेवा : सम्मानित बुढ्यौली

स्वास्थ्य संस्थासम्म पुग्न नसक्ने ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र दीर्घ रोगीका लागि घरआगनमै स्वास्थ्य सेवा पुऱ्याउने छौं । त्यसका लागि :

- **आँगनमै नर्स, घरमै ओखती :** सम्मानित बुढ्यौलीको साथी– स्वास्थ्य संस्थासम्म पुग्न नसक्ने ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र दीर्घ रोगीका लागि स्थानीय तहसँगको सहकार्यमा 'समुदायमा नर्स र स्वयंसेविका' मार्फत घरदैलोमै स्वास्थ्य सेवा र 'सामुदायिक केयर सेन्टर'हरू निर्माण गर्छौं ।
- घरमा रहेका बिरामीलाई अस्पतालसँग जोड्न 'एकीकृत एम्बुलेन्स सेवा' सञ्चालन गर्न चाहने स्थानीय तहलाई आवश्यक सहयोग र समन्वय गर्छौं ।
- सुत्केरीपछिको हेरचाह र अन्तिम अवस्थामा रहेका बिरामीको 'प्यालिएटिभ केयर' लाई घरदैलोमै पुऱ्याउछौं ।
- स्थानीय तह र प्रदेश सरकारसंगको सहकार्यमा प्रविधिको प्रयोग गरी घर बाटै विशेषज्ञ परामर्श लिन सकिने गरी 'कल-सेंटर' को व्यवस्था गर्छौं ।

## ११. स्वास्थ्य महामारी : समयमै तयारी

- जलवायु जन्य लगायत महामारीको प्रतिकार गर्न तीनै तहका सरकारको संयोजनमा भरपर्दो र चुस्त संयन्त्रको अविलम्ब विकास गर्छौं ।

## १२. डिजिटल स्वास्थ्य : डिजिटल प्रोफाइल

- 'एक नागरिक, एक डिजिटल हेल्थ रेकर्ड' को अवधारणा लागु गरी बिरामीले फाइल बोकेर हिँड्नुपर्ने झन्झटको अन्त्य गर्छौं ।
- राष्ट्रिय परिचयपत्रको नम्बरलाई नै सबै अस्पतालमा 'इलेक्ट्रोनिक मेडिकल रेकर्ड' (**EMR**) नम्बर कायम गरी बिरामीको पुर्जा, रिपोर्ट र इतिहास अनलाइनमै उपलब्ध हुने व्यवस्था गर्छौं ।
- स्वास्थ्य सेवालाई पारदर्शी, छिटो र मितव्ययी बनाउँदै स्वास्थ्य क्षेत्रको ढिलासुस्ती अन्त्य गर्न अनलाइन ओपिडी (**OPD**) टिकट, टेलिमेडिसिन, हब एण्ड स्पोक र डिजिटल प्रेस्क्रिप्सनलाई क्रमशः राष्ट्रव्यापी बनाउछौं ।

## १३. आयुर्वेद, प्राकृतिक चिकित्सा तथा वैकल्पिक उपचार प्रणाली

**आरोग्य सिक्न नेपाल** : विश्वस्तरमा नेपाललाई आयुर्वेद, योग तथा प्राकृतिक चिकित्साको मानक शैक्षिक केन्द्र बनाउनछौं । यसका लागि :

- योग, ध्यान र पञ्चकर्म पद्धतिलाई नागरिकको जीवनशैलीको हिस्सा बनाइने छ ।
- आयुर्वेदलाई मूलधारको स्वास्थ्य सेवासँग एकीकृत गर्दै स्थानीय तहसम्म विस्तार गर्छौं ।
- आयुर्वेद शिक्षण अस्पतालहरूको स्तरोन्नति गर्दै दक्ष जनशक्ति उत्पादनका लागि छुट्टै 'राष्ट्रिय आयुर्वेद अध्ययन प्रतिष्ठान' स्थापना गर्छौं ।
- नेपालमा पाइने बहुमूल्य जडीबुटीलाई 'हरियो सुन' का रूपमा विकास गरि स्वदेशी जडीबुटी तथा औषधिजन्य पदार्थको संरक्षण र सदुपयोग गर्दै स्वदेशमै औषधि उत्पादनका लागि विशेष योजना ल्याउछौं ।
- जडीबुटी तथा औषधिजन्य कच्चा पदार्थ मात्र निर्यात गर्ने परिपाटी अन्त्य गरी स्वदेशमै 'जीएमपी' (**Good Manufacturing Practice**) मापदण्डका आधुनिक प्रशोधन केन्द्र र फार्मास्युटिकल्स स्थापना गर्छौं ।

राष्ट्रिय औषधि लिमिटेडलाई औषधि अनुसन्धानको मुख्य केन्द्रका रूपमा विकास

- जडीबुटी खेती गर्ने किसानलाई अनुदान, उचित बजार मूल्य र प्राविधिक सहयोग उपलब्ध गर्छौं ।
- राष्ट्रिय औषधि लिमिटेडलाई औषधि अनुसन्धानको केन्द्रका रूपमा विकास गर्छौं ।

जोखिममा रहेका समूहहरूका लागि कार्यस्थलमै मानसिक स्वास्थ्य सेवा सञ्चालन

## १४. श्रमिक स्वास्थ्य : स्वास्थ्य सेवा र सुरक्षा

वैदेशिक रोजगारीमा प्रस्थानदेखि आगमनसम्म स्वास्थ्य सुरक्षा राज्यको दायित्व र अभिभावकत्व हुने छ । यसका लागि :

- आन्तरिक र वैदेशिक श्रमिकका लागि अनिवार्य स्वास्थ्य बिमा, 'डिजिटल हेल्थ रेकर्ड' र कार्यस्थलमा आधारित स्वास्थ्य सुरक्षा सुनिश्चित गर्छौं ।
- धेरै श्रमिक भएका गन्तव्य मुलुकहरूमा 'स्वास्थ्य सहचारी' को अनिवार्य व्यवस्था गर्छौं । वैदेशिक रोजगारीमा रहेका श्रमिक, विद्यार्थी र जोखिममा रहेका समूहहरूका लागि उनीहरूको कार्यस्थलमै पुग्ने गरी विशेष मानसिक स्वास्थ्य सेवा सञ्चालन गर्नेछौं ।
- वैदेशिक रोजगारीमा जानु अघि र फर्किएपछि स्वास्थ्य बिमामार्फत सरकारी स्वास्थ्य संस्थाबाट स्वास्थ्य परीक्षण तथा उपचार उपलब्ध गराउने व्यवस्था मिलाउछौं ।

## १५. पुग्दो र पोसिलो बाँडौं : कुपोषण कम गरौं

हामी पोषणमा खर्च नागरिकको सर्वाङ्गिङ विकास लागि लगानी हो भन्ने मान्यता राख्दछौं । यसका लागि :

- पोषण कार्यक्रम, विद्यालय दिवा खाजा र 'सुनौला हजार दिन' जस्ता कार्यक्रमलाई थप प्रभावकारी बनाउछौं ।
- निम्न आर्थिक अवस्था भएका, पछि परेको वर्ग समुदायमा रहेको खाद्य तथा उपलब्ध गराइने सर्वोत्तम पिठो र खाजाको पौष्टिक गुणस्तर वृद्धि गरी कुपोषणजन्य अबस्थाको दरलाई उल्लेख्य रूपमा घटाउछौं ।
- पोषण र शिक्षा मानवीय पुँजी विकासका महत्त्वपूर्ण आधार मात्र होइन राष्ट्र निर्माणका लागि समेत अपरिहार्य हुन् । अतः पोषणमा लगानी राज्यको जिम्मेवारी भन्ने मान्यताका साथ पोषण विशेष कार्यक्रमलाई उच्च प्राथमिकताका साथ अगाडि बढाउछौं ।

राष्ट्रिय स्वतन्त्र पार्टी

# वाचा पत्र २०८२

## थिति बसाल्ने सङ्कल्प



विजेता खेलाडीहरूका लागि सम्मानजनक जीवन निर्वाह गर्न 'खेलाडी पेन्सन कोष', स्वास्थ्य बीमा र रोजगारीको विशेष ग्यारेन्टी गरिनेछ। साहसिक खेल र अल्ट्रा-म्याराथन जस्ता नेपालका मौलिक सम्भावनाहरूलाई 'राष्ट्रिय गौरव' का रूपमा प्रवर्द्धन गर्दै र निजी क्षेत्रको लगानीलाई प्रोत्साहित गर्दै नेपाललाई दक्षिण एसियाकै 'स्पोर्ट्स हब' का रूपमा स्थापित गरिनेछ।

70. देशभरि आधारभूत स्वास्थ्य क्षेत्रमा 'न्युनतम मापदण्ड' कायम गरी सेवा प्रवाह गर्न आवश्यक मानव संसाधन, पर्याप्त औषधि आपूर्ति, अत्यावश्यक उपकरण, सहज पहुँच तथा आधारभूत पूर्वाधारको सुनिश्चितता सहितको एकीकृत मोडेल तयार गरी लागू गर्नेछौँ। भौगोलिक विकटता र जनसंख्या घनत्वका आधारमा सेवा विस्तारको स्पष्ट मापदण्ड तय गरी ग्रामीण तथा दुर्गम क्षेत्रमा स्वास्थ्य सेवा पहुँच विशेष प्राथमिकताका साथ विस्तार गर्नेछौँ। साथै देशभरका स्वास्थ्यकर्मीहरुलाई जोड्न भर्चुअल शैक्षिक तथा सामाजिक सञ्जाल खडा गर्नेछौँ, जसले गर्दा दुर्गम ठाऊमा खटेका स्वास्थ्यकर्मीहरुलाई एक्लो तथा पृथक महसुस हुनेछैन।

71. स्वास्थ्य बीमा कार्यक्रमलाई थप सुदृढ मोडलमा गुणस्तरीय स्वास्थ्य सेवा तथा प्रत्येक नागरिकको पहुँच सुनिश्चित हुने गरी विस्तार गर्नेछौँ। स्वास्थ्यसँग सम्बन्धित सबै सामाजिक सुरक्षाका कार्यक्रमहरूलाई एकद्वार प्रणाली मार्फत व्यवस्थित गर्दै औषधी, उपचार तथा सेवाहरू, मानसिक स्वास्थ्य समेत स्वास्थ्य वीमा कार्यक्रम भित्र समेटिने गरी स्वास्थ्य क्षेत्रमा नेपाल सरकारको मुख्य प्राथमिकताको कार्यक्रमको रूपमा अघि बढाउनेछौँ।

72. क्यान्सर लगायत नसर्ने रोगका सन्दर्भमा उपचारमुखी भन्दा रोकथाममुखी रणनीतिलाई मुख्य लक्ष्यका रूपमा कार्यान्वयन गर्नेछौँ। विविध प्रकारका अनुदान वा नगद हस्तान्तरणलाई दीर्घकालीन समाधानको सट्टा अस्थायी राहतका रूपमा बुझ्दै, रोग लागेपछि उपचार गर्ने भन्दा जोखिमहरूको पहिचान, जनचेतना अभिवृद्धि, नियमित स्वास्थ्य परीक्षण तथा जीवनशैली सुधारतर्फ उन्मुख गर्नेछौँ।

73. प्रत्येक प्रदेशमा कम्तीमा एक 'अत्याधुनिक अपाङ्गता पुनर्स्थापना विशिष्टिकृत स्रोत केन्द्र' स्थापना गरी अपाङ्गता भएका नागरिकलाई गुणस्तरीय र एकीकृत स्वास्थ्य सेवा सुनिश्चित गर्नेछौँ। यी केन्द्रहरूमा 'प्रोस्थेटिक्स र अर्थोटिक्स' सेवा, सहायक सामाग्री, फिजियोथेरापी, अकुपेसनल थेरापी, र स्पीच थेरापी जस्ता विशेषज्ञ सेवाहरू एउटै छानोमुनि उपलब्ध गराइनेछ भने कृत्रिम अङ्गहरूको निर्माण र मर्मतका लागि आधुनिक प्रयोगशालाको व्यवस्था गर्नेछौँ।

74. वि.सं. २०८७ सम्ममा रोकथाम गर्न सकिने अपाङ्गताबाट हुने व्यक्तिगत, पारिवारिक र राष्ट्रिय भारलाई न्यून बिन्दुमा झार्नेछौं। अपाङ्गता पुनर्स्थापनकालागि 'प्रारम्भिक पहिचान र शीघ्र हस्तक्षेप' प्रणालीलाई तल्लो तहका स्वास्थ्य संस्थासम्म विस्तार गरिनेछ। बालबालिकामा देखिने अटिजम, सुस्त श्रवण, दृष्टीसम्बन्धि र अन्य न्युरो-डेभलपमेन्टल समस्याहरूको समयमै पहिचानका लागि स्थानीय तहका स्वास्थ्य डेस्कहरूलाई अत्याधुनिक 'अर्ली स्क्रिनिङ' औजार र दक्ष जनशक्तिसहित सक्रिय बनाइनेछ। जन्मनासाथ वा प्रारम्भिक बाल्यकालमै पहिचान गरी प्रभावकारी पुनर्स्थापना र थेरापी सेवा सुनिश्चित गरिनेछ, जसले गर्दा अपाङ्गतालाई जटिल हुनबाट रोकी व्यक्तिलाई आत्मनिर्भर र उत्पादनशील नागरिकका रूपमा विकास गर्नेछौँ।

75. रोगको रोकथाम, मानसिक स्वास्थ्य सुदृढीकरण र समग्र जीवनशैली सुधारका लागि विद्यालय, समुदाय तथा स्वास्थ्य संस्थामार्फत योग र ध्यान कार्यक्रम सञ्चालन गर्नेछौँ। साथै, वैज्ञानिक अध्ययनका आधारमा वैकल्पिक उपचार पद्धतिलाई संस्थागत ढङ्गले व्यवस्थित गर्नेछौँ।

76. जलन पीडितहरूको निःशुल्क र गुणस्तरीय उपचार सुनिश्चित गर्न 'जलन उपचार कोष' को स्थापना र एक विश्वस्तरीय विशेष जलन अस्पताल निर्माणको प्रक्रिया तत्काल सुरु गर्नेछौँ।

77. मानसिक स्वास्थ्य सेवालाई नागरिकको सहज पहुँचमा पुऱ्याउन छुट्टै अधिकार सम्पन्न महाशाखा स्थापना गर्नेछौँ र प्राथमिक स्वास्थ्य सेवा प्रवाहमा 'मानसिक प्राथमिक उपचार' सबै जिल्ला अस्पतालमा विशेषज्ञ चिकित्सकको व्यवस्था सहित २४सै घण्टा सञ्चालन हुने राष्ट्रिय हेल्पलाइन मार्फत सेवा प्रवाह गर्नेछौँ।

78. श्रमलाई सस्तो स्रोत होइन, सम्मानजनक मानव पूँजीका रूपमा स्थापित गर्दै सुरक्षित, मर्यादित र न्यायपूर्ण श्रम बजार निर्माण गर्नेछौँ। नेपालको श्रम बजारमा मजदुरहरूले न त उचित र समयमै ज्याला पाउने अवस्था छ, न कार्यस्थलमा सुरक्षित रूपमा काम गर्ने सुनिश्चितता। ठूलो संख्या अनौपचारिक क्षेत्रमा आबद्ध छन्, जहाँ न बीमा सुविधा छ, न सामाजिक सुरक्षा, न समस्या पर्दा कानुनी सहायताको सहज पहुँच। ठगी, ज्याला बक्यौता र श्रम शोषण सामान्यजस्तै भएको अवस्थालाई अन्त्य गर्न व्यापक श्रम बजार सुधार कार्यक्रम लागू गर्नेछौँ। श्रमिकका लागि निःशुल्क वा सहुलियत दरमा कानुनी सहायता तथा श्रम न्यायमा सहज पहुँचको संस्थागत व्यवस्था गर्नेछौँ। अनौपचारिक क्षेत्रलाई औपचारिक अर्थतन्त्रमा रूपान्तरण गर्नेछौँ। कार्यस्थल सुरक्षा, बीमा र सामाजिक सुरक्षा अनिवार्य गर्नेछौँ तथा कडाइका साथ अनुगमन गर्नेछौँ।

79. वैदेशिक रोजगारमा जाने नागरिकहरूको हित संरक्षण गर्न वैदेशिक रोजगार कम्पनीहरूलाई पारदर्शी, नियमसम्मत र पूर्ण जबाफदेही बनाउनेछौं। ठगी, अत्याधिक शुल्क असुली र झूटा करार गर्ने प्रवृत्तिमाथि कडा कारबाही गर्नेछौं। वैदेशिक रोजगारमा गई विप्रेषण भित्र्याउने श्रमिकहरूको योगदानको सम्मान गर्दै उनीहरूका लागि विशेष परिचयपत्र जारी गर्नेछौँ । उक्त परिचयपत्रका आधारमा सरकारी स्वास्थ्य सेवा, शिक्षा तथा अन्य सामाजिक सेवामा सहुलियतको व्यवस्था हुनेछ।

80. दलित तथा उत्पीडित समुदायका परिवार सदस्य वैदेशिक रोजगारीमा जान इच्छुक भएमा स्थानीय तहको सिफारिस वा जमानतमा बैङ्कमार्फत सहुलियतपूर्ण ऋण उपलब्ध गरौनेछौँ। वैदेशिक रोजगारबाट सीप र अनुभव आर्जन गरी स्वदेशमै उत्पादनमुखी उद्यम सञ्चालन गर्न चाहने उद्यमीहरूलाई ब्याजमा विशेष अनुदान, प्राविधिक सहयोग तथा बजार पहुँच कार्यक्रममार्फत प्रोत्साहन गर्नेछौँ।


81. नागरिकको जीवनभरको कमाइ अनुत्पादक आवास निर्माणमै खर्चिनु पर्ने बाध्यतालाई अन्त्य गर्न स्थानीय तहहरूमार्फत 'दिगो तथा सुविधायुक्त आवास नमुना कार्यक्रम' व्यापक रूपमा सञ्चालन गरिनेछ। विशेषतः वैदेशिक रोजगारीबाट प्राप्त विप्रेषणलाई सुरक्षित लगानीमा रूपान्तरण गर्न इन्जिनियरिङ परामर्श र प्राविधिक सहयोगसहितका किफायती आवास मोडेलहरू कार्यान्वयन गरिनेछ। सबै नयाँ निर्माणमा भूकम्प प्रतिरोधी मापदण्ड, आधुनिक वायरिङ र प्लम्बिङ प्रणाली अनिवार्य गरिनेछ भने ३ तलाभन्दा माथिका सबै भवनहरूका लागि कडा 'अग्नि

**समृद्ध नेपाल, सुखी नेपाली!**

राष्ट्रिय आकांक्षा हाम्रो गन्तव्य



# एमालेले बनाउँछ !



प्रतिनिधिसभा निर्वाचन-२०८२

**नेपाल कम्युनिष्ट पार्टी (एमाले) को**

## घोषणा पत्र

## ८. स्वास्थ्य स्वयंसेविकालाई २० हजार भत्ता र सामाजिक सुरक्षा

विश्व स्वास्थ्य संगठनले समेत सम्मान गरेका स्वास्थ्य स्वयंसेविकाहरूलाई थप प्रोत्साहित गर्न वार्षिक रूपमा प्रदान गरिंदै आएको भत्ता बढाएर रु. २० हजार पुऱ्याउने छौं। सबै स्वयंसेविकाहरूलाई योगदानमा आधारित सामाजिक सुरक्षा प्रणालीमा आवद्ध गर्नेछौं।

### स्वास्थ्य सेवा

**स्वास्थ्य स्वयंसेविका**

**वार्षिक भत्ता बढाएर रु. २०,००० पुऱ्याउने।**

**योगदानमा आधारित सामाजिक सुरक्षा प्रणालीमा आवद्ध गर्ने।**




## १. २० लाखसम्म उद्यमी महिला निर्व्याजी ऋण, २० हजार सुत्केरी महिला भत्ता र ५ लाखको निःशुल्क जीवन बीमा

महिला उद्यमशीलता विकास गर्न बैङ्क तथा वित्तीय संस्थामार्फत् रु.२० लाखसम्मको उद्यमी महिला निर्व्याजी ऋण सुविधा सहजढंगले प्रदान गर्नेछौं। व्यवसाय र ऋणको निःशुल्क बीमा व्यवस्था गर्नेछौं।

गर्भवती महिलालाई सुत्केरी हुनुअघि र पछि स्वास्थ्य परीक्षण गर्न प्रदान गरिंदै आएको घरदेखि स्वास्थ्य संस्थासम्मको यातायात खर्च दोब्बर गर्ने छौं।

घट्दो जनसंख्या बृद्धिदरको प्रवृत्ति रोक्न सुत्केरी हुने महिलालाई प्रतिजन्म रु. २० हजार मातृशिशु पोषण भत्ता दिनेछौं। गर्भवती महिलाका लागि रु. ५ लाखसम्मको जीवन बीमा निःशुल्क गर्नेछौं।

प्राविधिक दक्षता, नैतिकता, देशभक्ति, उत्तरदायित्व र सामाजिक जिम्मेवारीबोधसहितका गुणवान् नागरिक उत्पादन गर्ने समावेशी र प्रविधिमैत्री शिक्षा प्रणाली स्थापना गर्नेछौं ।



# १५

## स्वस्थ खाना, योग/व्यायाम– निरोगी नेपालको महाअभियान

**आधारभूत स्वास्थ्य सेवामा निःशुल्क, विश्वसनीय र सबै नागरिकको पहुँचमा पुग्नसक्ने बनाउँदै सबै तहमा अस्पताल पूर्वाधार निर्माण, आधुनिक उपकरणको व्यवस्था, सेवाको गुणस्तर निर्धारण तथा जनशक्ति व्यवस्थापन गरी विश्वस्तरीय स्वास्थ्य सेवा स्वदेशमै उपलब्ध गराउनेछौं । स्वास्थ्य बीमामा देखिएको वित्तीय तथा व्यवस्थापकीय समस्या हल गरी नागरिकलाई सहज स्वास्थ्य सेवा सुनिश्चित गर्नेछौं ।**

आधारभूत स्वास्थ्य सेवालाई प्रमाणमा आधारित प्राथमिकीकरण गरी निःशुल्क, विश्वसनीय र सर्वव्यापी बनाउनेछौं । संघीय सरकारको वित्तीय सहयोगमा स्थानीय तहमार्फत कार्यान्वयन गरिने आधारभूत स्वास्थ्य सेवाका साथै ठूला स्वास्थ्य प्रदायक संस्थालाई पनि आफ्नो कार्यक्षेत्रमा आधारभूत सेवा उपलब्ध गराउने व्यवस्था मिलाउनेछौं ।

स्वास्थ्य प्रणालीमा रहेको दोहोरो वित्तीय बोझ, सेवा उत्पादन–खरिदको अन्योल र बीमा–निःशुल्क सेवाबीचको दोहोरोपन हटाउन स्वास्थ्य बीमा प्रणाली र सामाजिक स्वास्थ्य सुरक्षा कार्यक्रमहरू क्रमशः एकीकृत गर्नेछौं । सही नीति, सुशासन र प्रभावकारी वित्तीय संयोजनमार्फत् उपलब्ध स्रोतकै अधिकतम् उपयोग गरी सर्वव्यापी स्वास्थ्य सेवा सुनिश्चित गर्नेछौं ।

स्वास्थ्य बीमा प्रणालीलाई संरचनात्मक र सञ्चालनगत सुधार गरी दिगो बनाउनेछौं । दिगो राष्ट्रिय वित्तीय स्रोतको व्यवस्था गर्दै बीमाको थैली विस्तार गर्नेछौं । आधारभूत, प्राथमिक र समग्र प्राथमिक स्वास्थ्य सेवाबीच स्पष्ट परिभाषा, सेवा प्याकेज, जिम्मेवारी र वित्तीय व्यवस्था कानूनमै स्पष्ट गर्नेछौं ।

प्राथमिक स्वास्थ्य सेवा केन्द्रमा कम्तिमा एक एमडीजीपी चिकित्सक, नर्स, प्रयोगशाला र फार्मेसी सेवा उपलब्ध गराउनेछौं । स्वास्थ्य सेवा केन्द्रआधारित उपचार र सिफारिसमा मात्र रिफरल प्रणाली विकास गर्नेछौं । जिल्ला अस्पतालको स्तरोन्नति गरी न्यूनतम विशेषज्ञ सेवा उपलब्ध गराउनेछौं र प्रदेशस्तरमा प्रभावकारी रिफरल प्रणाली स्थापना गर्नेछौं ।

वडादेखि केन्द्रसम्म अस्पताल पूर्वाधार निर्माण र आधुनिकीकरण सम्पन्न गरी जिल्ला, प्रदेश र केन्द्रीय अस्पतालबाट विश्वस्तरीय उपचार सेवा स्वदेशमै उपलब्ध गराउनेछौं। सरकारी अस्पतालको व्यवस्थापन, स्वास्थ्य जनशक्तिको नियुक्ति र परिचालन सुधार गर्दै चिकित्सक तथा स्वास्थ्यकर्मीका लागि प्रोत्साहन, सुरक्षा, वृत्तिविकास र मर्यादा अभिवृद्धि गर्नेछौं।

निजी अस्पतालको शुल्क र गुणस्तर नियमनका लागि मापदण्ड र क्यापिङ प्रणाली लागू गर्नेछौं।

संक्रमणजन्य र गैर–संक्रमणजन्य रोगको दोहोरो भारलाई सम्बोधन गर्न स्वास्थ्य प्रणालीलाई रोकथाम, प्रवर्द्धन र उपचारबीच सन्तुलित रूपमा सुधार गर्नेछौं। जनस्वास्थ्य सचेतना, स्वच्छ र पोषणयुक्त आहार, नियमित व्यायाम तथा वातावरणीय प्रदूषण नियन्त्रणका कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन गर्नेछौं।

योग, ध्यान, आयुर्वेद, प्राकृतिक चिकित्सा, आम्ची र होमियोप्याथीलगायत परम्परागत तथा वैकल्पिक चिकित्सा प्रणालीलाई आधुनिक चिकित्सासँग एकीकृत गर्नेछौं। आधुनिक प्रविधि र कृत्रिम बौद्धिकताको प्रयोग गर्दै स्वास्थ्य प्रणालीलाई अत्याधुनिक बनाउनेछौं।

स्वास्थ्य पर्यटन प्रवर्द्धन गर्दै सरकारी, निजी र सामुदायिक साझेदारी विस्तार गर्नेछौं। चिकित्सा शिक्षाको गुणस्तर र पहुँच विस्तार गर्दै विदेशबाट नेपालमा अध्ययन गर्न आउने विद्यार्थीको कोटा बृद्धि गर्नेछौं।

स्वास्थ्य संस्थालाई सेवामूलक, सुशासित र उत्तरदायी केन्द्रका रूपमा विकास गर्नेछौं। अप्रभावकारी कार्यक्रमहरूको पुनरावलोकन गरी खारेज गर्नेछौं। स्वास्थ्य क्षेत्रमा सार्वजनिक, निजी र सहकारी लगानी अभिवृद्धि गर्दै लगानी व्यवस्थापनलाई पारदर्शी, जवाफदेही र कुशल बनाउनेछौं।



# १६ डिजिटल पूर्वाधार– विकास र सुशासनको आधार

**सूचना तथा सञ्चार प्रविधिको अधिकतम प्रयोग गरी सुशासनमा आमूल परिवर्तन ल्याउनेछौं। नेपालको आफ्नै भू–उपग्रह स्थापना गरी ग्रामीण तथा दुर्गम क्षेत्रमा आधारभूत दूरसञ्चार सेवा र डिजिटल कनेक्टिभिटी सुनिश्चित गर्नेछौं।**

सूचना प्रविधि क्षेत्रका अवसरको उपयोग गर्दै विद्यमान चुनौती सामना गर्नसक्ने विधि र संरचना निर्माण गर्नेछौं। गलत सूचना, झुटा समाचार, डीपफेक, अल्गोरिदमिक पूर्वाग्रहमार्फत् सत्यलाई विकृत बनाउँदै

# नेपाली कम्युनिष्ट पार्टी
# प्रतिवद्धता पत्र

## प्रतिनिधि सभा सदस्य निर्वाचन २०८२

राजनीतिक स्थिरता

सुशासन

नयाँ चरणको आर्थिक सुधार

सामाजिक न्यायसहितको समृध्दि

**(स्वाधिन र समृद्ध नेपाल निर्माणको मार्गचित्र)**

## अध्याय १
## स्वाधीन र समृद्ध नेपाल निर्माणका लागि

लागू गरिनेछ ।

## *गुणस्तरीय जनमुखी जनस्वास्थ्य*

स्वास्थ्य क्षेत्रलाई गुणस्तरीय, जनमुखी, समावेशी तथा दिगो बनाई स्वस्थ तथा समुन्नत नेपाल निर्माण गर्ने लक्ष्यका साथ निम्नानुसार नीतिगत तथा कार्यगत सुधार गरिनेछ :

· जनस्वास्थ्य सेवा पूर्ण रूपमा निःशुल्क: संविधानप्रदत्त स्वास्थ्यको मौलिक हक पूर्ण कार्यान्वयन गरिनेछ । खोप, सुरक्षित मातृत्व, सरुवा रोग नियन्त्रण, प्रजनन स्वास्थ्य तथा आधारभूत स्वास्थ्य सेवालाई राज्यको पूर्ण दायित्वमा राखी निःशुल्क प्रदान गरिनेछ । प्रजनन स्वास्थ्यसँग सम्बन्धित कानुनमा समयानुकूल परिमार्जन गरिनेछ । नागरिकले आफ्नो खल्तीबाट तिर्नुपर्ने स्वास्थ्य खर्च (Out-of-Pocket) हाल करिब ५४% रहेको अवस्थालाई वि.सं. २०८८ सम्म ३५% भन्दा कममा झारिनेछ ।

· स्वास्थ्य बीमा अनिवार्य तथा प्रगतिशील: स्वास्थ्य बीमालाई स्वास्थ्य सुरक्षा प्रणालीको मुख्य आधार बनाइनेछ । हाल करिब ३०% मा सीमित स्वास्थ्य बीमाको आबद्धतालाई सबैलाई अनिवार्य गरी वि.सं. २०८८ सम्म १००% पुर्‍याइनेछ । गरिबीको रेखामुनि रहेका नागरिकमध्ये हाल करिब १०% मात्रै बीमामा समेटिएको अवस्थालाई वि.सं. २०८८ सम्म १००% पुर्‍याइनेछ । गरिब, अशक्त, दीर्घरोगी र ज्येष्ठ नागरिकको बीमा प्रिमियम राज्यले बेहोर्ने व्यवस्थालाई परिणाममुखी, तथ्यांकिक र पारदर्शी बनाइनेछ ।

· समुदायमा स्वास्थ्य सेवा विस्तार: हरेक वडा, समुदाय तथा विद्यालयमा मिड–लेभल स्वास्थ्य टोली (HA/Staff Nurse) परिचालन गरी नियमित स्वास्थ्य जाँच, जीवनशैली परामर्श तथा रोकथाम सेवा प्रदान गरिनेछ ।

· सरकारी स्वास्थ्य संस्थामा विस्तारित सेवा: सरकारी अस्पतालहरूमा बहिरङ्ग सेवा (OPD) वर्षभरि बिहान ७ देखि बेलुका ७ बजेसम्म दुई सिफ्टमा सञ्चालन गरिनेछ । स्वास्थ्य चौकीहरूमा पनि ३६५ दिन सेवा विस्तार गरिनेछ ।

· विशेष प्राथमिकता समूह: वैदेशिक रोजगारीमा जाने युवाको स्वास्थ्य परीक्षण निःशुल्क गरिनेछ । ज्येष्ठ नागरिक, अपाङ्ग, गर्भवती, नवजात शिशु तथा विपन्न वर्गलाई ग्रिन च्यानलमार्फत प्राथमिकता तथा विशेष सहुलियत प्रदान गरिनेछ ।

· स्वास्थ्यकर्मीको सेवा तथा सुरक्षा: सरकारी स्वास्थ्य संस्थामा कार्यरत चिकित्सक तथा स्वास्थ्यकर्मीलाई जीवन निर्वाह योग्य तलब, सुविधा तथा सुरक्षा प्रदान गरी "एक स्वास्थ्यकर्मी, एक स्वास्थ्य संस्था (पूर्णकालीन सेवा)" नीति कडाइका साथ लागू गरिनेछ ।

· रोकथाम प्रधान स्वास्थ्य: उपचारभन्दा रोकथामलाई प्राथमिकता दिई शारीरिक व्यायाम, योग, ध्यान तथा पोषिलो खानाको संस्थागत प्रवर्द्धन गरिनेछ ।

· मानसिक स्वास्थ्य तथा आत्महत्या रोकथाम: बढ्दो मानसिक स्वास्थ्य समस्या तथा आत्महत्यालाई विशेष समस्या मान्दै आत्महत्या रोकथाम राष्ट्रिय रणनीतिक कार्यक्रम लागू गरिनेछ । मानसिक स्वास्थ्य सेवालाई आधारभूत स्वास्थ्यसँग एकीकृत गरी गाउँ तहसम्म विस्तार गरेर मनोसामाजिक परामर्श हेल्पलाइन सञ्चालन गरिनेछ । आत्महत्या मृत्युदर हाल २३.४ प्रति १ लाख रहेको अवस्थालाई वि.सं. २०८८ सम्म ४.७ प्रति १ लाखमा झारिनेछ ।

· पूर्ण डिजिटल स्वास्थ्य प्रणाली: सबै सरकारी स्वास्थ्य संस्थामा Electronic Medical Record (EMR) लागू गरी सेवाग्राहीले पुरानो कागजात बोक्नु नपर्ने व्यवस्था गरिनेछ । डिजिटल स्वास्थ्य र अस्पताल प्रशासन सुधार गरिनेछ । EMR प्रणालीलाई शिक्षण अस्पतालहरूमा चरणबद्ध रूपमा लागू गरिनेछ ।

· प्रदेशस्तरीय विशिष्टीकृत अस्पताल: सातै प्रदेशमा पूर्ण सरकारी स्वामित्वका विशिष्टीकृत प्राज्ञिक तथा रेफरल अस्पताल स्थापना गरी काठमाडौं धाउनु नपर्ने व्यवस्था गरिनेछ । प्रदेशमा मध्यम तथा उच्च स्तरीय विशेषज्ञ जनशक्ति उत्पादन गरिनेछ ।

· औषधि आपूर्ति तथा सुशासन: औषधि खरिदमा हुने अनियमितता अन्त्य गर्न केन्द्रीय फ्रेमवर्क सम्झौता (Central Framework Contract) तथा सरकारी–सरकारी (G2G) खरिद प्रणाली लागू गरिनेछ । नेपाल औषधि लिमिटेड तथा सिंहदरबार वैद्यखानाको क्षमता वृद्धि गरी आधारभूत औषधि स्वदेशमै उत्पादन गर्ने र सरकारी संस्थामा जेनेरिक प्रयोग अनिवार्य गरिनेछ ।

· घुम्ती विशेषज्ञ सेवा: दुर्गम तथा पिछडिएको क्षेत्रमा विशेषज्ञ सेवा पुर्‍याउन प्रत्येक वर्ष आश्विन/कार्तिक तथा फागुनमा जनस्वास्थ्य अभियानसहित घुम्ती विशेषज्ञ शिविर सञ्चालन गरिनेछ ।

· "अस्पताल पर्खने होइन, स्वास्थ्य सेवा गाउँ जाने" नीति अनुसार प्राथमिक स्वास्थ्य सेवा सुदृढ गरिनेछ । वडा तहका आधारभूत स्वास्थ्य सेवा केन्द्रहरूको जनशक्ति, औषधि, उपकरण र गुणस्तर सुधार गरिनेछ । नसर्ने रोगहरूको रोकथाम र व्यवस्थापनका लागि हृदयरोग, मधुमेह जाँच, परामर्श र नियन्त्रण सेवा समुदायमै उपलब्ध गराइनेछ ।

· खाद्य तथा औषधि नियमन: अनियन्त्रित खाद्य पूरक तथा जडीबुटीजन्य पदार्थको नियमन गरिनेछ । मदिरा तथा सुर्तीजन्य पदार्थको करबाट प्राप्त रकम नसर्ने रोगको रोकथाम तथा उपचारमा खर्च गरिनेछ ।

· दूरस्वास्थ्य सेवा: दूरस्वास्थ्य चिकित्सा (Telemedicine) विस्तार गरी ग्रामीण क्षेत्रमा गुणस्तरीय सेवा प्रदान गरिनेछ । जनरल प्राक्टिस (GP) तथा विशेषज्ञ सेवाको पहुँच विस्तार गरिनेछ ।

· सङ्घीय स्वास्थ्य संरचनाको पुनर्संरचना: सङ्घ, प्रदेश तथा स्थानीय तहका स्वास्थ्य संरचनाको पुनर्संरचना गरी स्वास्थ्यकर्मी, उपकरण, भवन तथा सेवा वर्गीकरण/गुणस्तर निर्धारण गरिनेछ ।

· महामारी तथा आपत्कालीन सेवा: महामारी, विपत्ति तथा आपत्कालीन सेवालाई सुदृढ संरचनामार्फत प्रभावकारी बनाइनेछ ।

· स्वास्थ्य बजेट वृद्धि: स्वास्थ्य क्षेत्रको बजेट हिस्सा हाल करिब ५% रहेको अवस्थालाई वि.सं. २०८८ सम्म ८% पुर्‍याइनेछ ।

· नसर्ने रोग तथा विशेष सेवा विस्तार: नसर्ने रोग, मुख स्वास्थ्य, मानसिक स्वास्थ्य, नाक–कान–घाँटी, छाला रोग तथा पेशागत स्वास्थ्य सेवालाई सातै प्रदेशमा सुदृढीकरण गरी जिल्ला तहसम्म विस्तार गरिनेछ ।

· एकीकृत स्वास्थ्य ऐन: स्वास्थ्य सेवा ऐन, नियमावली, परिषद्, आयोग तथा संस्थाहरूको नीति समयानुकूल परिमार्जन गरी एकीकृत स्वास्थ्य ऐन निर्माण तथा लागू गरिनेछ ।

· आधुनिक तथा परम्परागत स्वास्थ्य प्रणाली एकीकरण: आधुनिक, आयुर्वेदिक, मौलिक, परम्परागत र वैकल्पिक प्रणालीको अध्ययन तथा अनुसन्धानमा आधारित दीर्घकालीन नीति निर्माण गरिनेछ । आयुर्वेद, प्राकृतिक र मौलिक चिकित्सा पद्धतिको सुसंगत एकीकरण गरिनेछ ।

· साझेदारीमा सामाजिक स्वास्थ्य अभियान: स्वास्थ्य शिक्षा, पुनर्स्थापना, दिवा सेवा स्याहार तथा सामाजिक सुरक्षा कार्यक्रम सरकारी, सहकारी तथा निजी क्षेत्रसँग समन्वय गरिनेछ ।

***विज्ञान तथा प्रविधि***